# न्याय प्रशासन ऐन, २०४८

प्रमाणीकरण र प्रकाशन मिति

२०४८।२।१६

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | न्याय प्रशासन (पहिलो संशोधन) ऐन, २०४८ | २०४८।७।२८ |
| ३. | न्याय प्रशासन (दोस्रो संशोधन) ऐन, २०५३ | २०५३।८।२६ |
| २. | दण्ड सजाय सम्वन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ | २०५६।१।१६ |
| ४. | अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्वन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ | २०५९।५।२७ |
| ५. | केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ◎४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| ५. | न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ | २०६७।१२।१५ |

२०४८ सालको ऐन नं. ६

## न्याय प्रशासनमा समायानुकूल सुधार गर्न बनेको ऐन

**प्रस्तावना** : ✂... ... ... अनुरूप अदालतहरूको स्थापना र अधिकारक्षेत्र व्यवस्थित गर्न र न्याय छिटो, कम खर्चिलो र सुलभ बनाउन न्याय प्रशासनमा समयानुकूल सुधार गर्न बाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल धिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

◎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएका प्रशस्ती र अधिराज्य शब्द झिकिएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "न्याय प्रशासन ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।©

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

⌘(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) "जिल्ला न्यायाधीश" भन्नाले जिल्ला अदालतको अतिरिक्ति न्यायाधीशलाई समेत जनाउँछ ।

(ग) "पुनरावेदन अदालतको न्यायाधीश" भन्नाले पुनरावेदन अदालतको मुख्य न्यायाधीश र अतिरिक्त न्यायाधीशलाई समेत जानाउँनछ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## अदालतको स्थापना र न्यायाधीशहरूको नियुक्ति

३. **जिल्ला अदालतको स्थापना** : (१) नेपालको प्रत्येक जिल्लामा अदालत एउटा जिल्ला अदालत रहनेछ ।

(२) जिल्ला अदालतहरू जिल्लाको सदर मुकाममा रहनेछन् ।

तर–

---

© मिति २०४८।७।२३ देखि प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्रमा प्रकाशित मिति २०४८।६।२१ )
द्रष्टव्य: दोस्रो संशोधन ऐन, २०५३ मिति २०५३।१२।१ गते प्रारम्भ हुने गरी तोकिएको । (ने.रा.प.: २०५३।११।२२)

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

[♣](क) सर्वोच्च अदालतले नेपाल सरकार, मन्त्रिपरिषद्को परामर्शमा कुनै जिल्ला अदालतको मुकाम अन्य कुनै ठाउँमा रहने गरी तोक्न सक्नेछ ।

(ख) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले कुनै जिल्ला अदालतको मुकाम जिल्लाको सदरमुकाम बाहिर अवस्थित रहेको भए यस उपदफा अन्तर्गत अन्यत्र नतोकिएसम्म सो जिल्ला अदालतको मुकाम सोही ठाउँमा कायम रहन यस उपदफाले बाधा पुऱ्याउने छैन ।

४. **जिल्ला न्यायाधीशहरू** : जिल्ला अदालतमा न्यायाधीश र आवश्यकता अनुसार अतिरिक्त जिल्ला न्यायाधीशहरू रहनेछन् ।

[⇒]४क. **जिल्ला न्यायाधीशलाई अर्को क्षेत्रको अधिकार तोक्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रधान न्यायाधीशले उपयुक्त देखेमा न्याय परिषद्को सिफारिशमा कुनै जिल्ला अदालतको जिल्ला न्यायाधीशलाई निश्चित अवधिको लागि अर्को जिल्लाको जिल्ला अदालतको न्यायाधीशको रूपमा समेत काम गर्ने गरी तोकी दिन सक्नेछ । यसरी तोकिएको जिल्ला न्यायाधीशले तोकिएको अवधिभर सम्वन्धित जिल्ला अदालतमा रही काम गर्नु पर्नेछ ।

५. **पुनरावेदन अदालतको स्थापना** : [♣](१) नेपाल राज्यमा नेपाल सरकार, मन्त्रिपरिषद्ले सर्वोच्च अदालत र न्यायपरिषद्सँग परामर्श गरी तोकेको संख्यामा पुनरावेदन अदालतहरू रहनेछन् ।

[♣](२) पुनरावेदन अदालतको प्रादेशिक अधिकारक्षेत्र र मुकाम नेपाल सरकार, मन्त्रिपरिषद्को परामर्शमा सर्वोच्च अदालतले तोके बमोजिम हुनेछ ।

[♣](३) नेपाल सरकार, मन्त्रिपरिषद्ले सर्वोच्च अदालत र न्यायपरिषद्सँग परामर्श गरी आवश्यकतानुसार पुनरावेदन अदालतहरूको संख्या थपघट गर्न र कुनै पुनरावेदन अदातलको प्रादेशिक अधिकारक्षेत्र र मुकाम परिवर्तन गर्न सक्नेछ ।

---

♣ केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
⇒ पहिलो संशोधनद्वारा थप ।
♣ केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
♣ केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

⇒५क. **पुनरावेदन अदालतको अन्य मुकाम तोक्ने** : (१) पुनरावेदन अदालतको सामान्यतया मुकाम रहेको स्थान बाहेक सो अदालतको प्रादेशिक अधिकारक्षेत्र भित्रको अन्य कुनै स्थान वा स्थानहरूमा निश्चित अवधिको लागि इजलास कायम गर्ने गरी मुकाम तोक्न उपयुक्त देखेमा प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिशमा सो अदालतको एक वा एक भन्दा बढी न्यायाधीशहरूलाई त्यसरी इजलास कायम गर्न खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन अदालतको इजलास कायम गर्ने गरी मुकाम तोक्दा उक्त इजलासको क्षेत्र समेत तोकिदिनु पर्नेछ ।

६. **पुनरावेदन अदालतका न्यायाधीशहरू** : ✪(१) प्रत्येक पुनरावेदन अदालतमा एकजना मुख्य न्यायाधीश र आवश्यक संख्यामा अरू न्यायाधीशहरू रहनेछन् ।

(२) पुनरावेदन अदालतमा कार्यबोझ बढेको अवस्थामा ⇐कुनै खास अवधिको लागि अतिरिक्त न्यायाधीश नियुक्त गर्न सकिनेछ ।

## परिच्छेद-३

## अदालतको अधिकारक्षेत्र र त्यसको प्रयोग

♣७. **जिल्ला अदालतको अधिकार क्षेत्र** : (१) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार हुनेछ ।

(२) जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानुन प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकता अनुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ ।

८. **पुनरावेदन अदालतको अधिकारक्षेत्र** : (१) पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक

---

♣ केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

⇒ पहिलो संशोधनद्वारा थप ।

⇐ दोस्रो संशोधनद्वारा संशोधित ।

✪ अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधित ।

⇐ दोस्रो संशोधनद्वारा संशोधित ।

♣ न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित ।

क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने र कानुन बमोजिम साधक जाँच्ने अधिकार हुनेछ ।

(२) पुनरावेदन अदालतलाई आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानुन प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसार बन्दीप्रत्यक्षीकरण, परमादेश, ✚उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको अधिकारको अतिरिक्त पुनरावेदन अदालतलाई देहायका मुद्दाहरूमा शुरु कारवाई र किनारा गर्ने अधिकार गर्ने अधिकार हुनेछ :

(क) कानुनमा पुनरावेदन अदालतबाट शुरु कारवाई र किनारा गर्ने व्यवस्था भएको मुद्दा,

(ख) मुद्दाको कारवाई असाधारण रूपमा लम्बिन गई पक्षहरूले धेरै हैरानी व्यहोर्नु परेको वा कुनै गम्भीर वा जटिल कानुनी प्रश्न समावेश भएको कारणले मुद्दाको शुरु कारवाई र किनारा पुनरावेदन अदालतबाट हुनु उपयुक्त ठहऱ्याई सर्वोच्च अदालतले आदेश दिएको मुद्दा ।

∈(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पुनरावेदन अदालतमा दुईजना न्यायाधीशहरूको संयुक्त इजलासबाट हेरिने मुद्दाको निर्णय गर्दा दुईजना न्यायाधीशहरूका बीच मतैक्य नभएमा दुबै न्यायाधीशहरूको राय सहित सो मुद्दा निर्णयार्थ तेश्रो न्यायाधीश समक्ष पेश गर्नु पर्नेछ । त्यसरी तेश्रो न्यायाधीश समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा तारेखमा रहेका पक्षहरूलाई तारेख तोकी सबै न्यायाधीशहरूको राय सहित सो मुद्दाको मिसिल निर्णयार्थ सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।

९. **सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने** : (१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :

---

✚ न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा थप ।

∈ दोस्रो संशोधनद्वारा थप ।

(क) पुनरावेदन अदालतले शुरु कारवाई र किनारा गरेको मुद्दा,

(ख) दश वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा, र

[ᛃ](ग) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रुपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रुपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।

(२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ ।

**१०. साधक जाहेरी** : (१) प्रचलित कानुनबमोजिम साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) अन्तर्गत साधक जाहेर भएको [×]..... सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा पुनरावेदन अदालतले सो सजाय गर्ने ठहराएकोमा मात्र सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्छ ।

(३) उपदफा (१) बमोजिम साधक जाहेर भएको मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहबाट र एउटै मुद्दामा कसैको पुनरावेदन पर्‍यो र कसैको परेन भने पुनरावेदन नगर्नेको हकमा पनि साधकको रोहबाट इन्साफ जाँची मुद्दा किनारा गर्नु पर्छ ।

(४) साधकको रोहबाट हेरिने मुद्दामा पुनरावेदन नगर्ने कुनै पक्ष वा अन्य कुनै सम्वन्धित व्यक्तिले पुनरावेदन सरहको जिकिर लिई निवदेन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यसलाई समेत विचार गरी मुद्दाको निर्णय गर्नुपर्छ ।

**११. पुनरावलोकन** : (१) सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरावलोकन गर्न सक्नेछ :

---

ᛃ न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित ।

× दण्ड सजाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्वन्धित पक्षलाई थाहा भउको देखिएमा, वा

(ख) सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानुनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्नेछैन :

(क) एक पटक सो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(ख) पुनरावलोकनको लागि परेको निवदेनमा उठाइएका प्रश्नहरू सर्वोच्च अदालतको संयुक्त इजलासमा पनि उठाइएको र त्यसमा न्यायाधीशहरूको राय नमिली पूर्ण इजलाशबाट सुनुवाई भएकोमा सो प्रश्नहरूको निरूपण गरी निर्णय भैसकेको,

(ग) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम मुद्दा दोहऱ्याई निर्णय भैसकेको, वा

(घ) दफा (१२) बमोजिम दोहोरिएको मुद्दामा पुनरावलोकन अदालतको इन्साफ सदर भएको ।

(३) सर्वोच्च अदालतबाट मुद्दा फैसला भएको मितिले साठी दिनभित्र पुनरावलोकनको लागि निवेदन दिन सकिनेछ ।

✂ ... ... ...

१२. **मुद्दा दोहोऱ्याई हेर्ने** : (१) यो ऐन वा प्रचलित कानुन बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरू पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहो(याई हेर्न सक्नेछ :

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

(क) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा *गम्भीर कानुनी त्रुटी भएको,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त वा नजीरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग) सर्वाजनिक सम्पत्ति सम्वन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्यांकन नभएको कारणले सर्वाजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, बृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

(२) सर्वोच्च अदालतबाट एक पटक दोहो(याई हेरी निर्णय भैसेको मुद्दा फेरि दोहो(याई हेरिने छैन ।

(३) यस दफा बमोजिम मुद्दा दोहो(याई हेरी पाउँ भनी दिइने निवेदनपत्रहरू पुनरावेदन अदालतले निर्णय गरेको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र सर्वोच्च अदालतमा वा त्यस्तो निर्णय गर्ने पुनरावेदन अदालतमा दर्ता गराउन सकिनेछ ।

१३. **मुद्दा पुनरावलोकन गर्दा वा दोहोऱ्याई हेर्दा** : दफा ११ बमोजिम मुद्दा पुनरावलोकन गर्दा वा दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेर्दा सर्वोच्च अदालतले जुन आधारमा मुद्दा पुनरावलोकन गर्ने वा दोहोऱ्याई हेर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा मात्र सीमित रही मुद्दा किनारा गर्नुपर्छ ।

◊१३क. **मिलापत्र गर्न सक्ने** : दफा १२ बमोजिमको निवेदन परी कारबाही चलेको निवेदनमा दुबै पक्षले मिलापत्र गर्न चाहेमा मिलापत्र गराई दिन सकिनेछ ।

---

* अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधित ।

◊ अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा थप ।

१४. **पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकार** : यो ऐन र प्रचलित कानुनको अधीनमा रही पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकार देहायबमोजिम हुनेछ :

(क) तल्लो अदालत, निकाय वा अधिकारीको निर्णय सदर, उल्टी वा केही उल्टी गर्ने,

(ख) तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने,

(ग) मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल तल्लो अदालत, निका वा अधिकारीकहाँ पठाउने, वा

(घ) तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरूमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब माफिकको समय तोकी बाँकी प्रश्नहरूको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल तल्लो अदालत, निकाय वा अधिकारीकहाँ पठाउने ।

१५. **मातहतको अदालतमा दायर रहेको मुद्दा झिकाई किनारा गर्ने** : मातहतको कुनै अदालत, निकाय वा अधिकारी समक्ष विचाराधीन रहेको कुनै मुद्दामा संविधान वा अन्य कुनै कानुनको व्याख्या सम्वन्धी जटिल प्रश्न समावेश भएको र सो प्रश्नको निर्णय सर्वाजनिक महत्व वा सरोकारको विषय भएकोले त्यसको निर्ण सर्वोच्च अदालतबाट हुनु उपयुक्त छ भन्ने सम्वन्धित अदालत, निकाय वा अधिकारीको प्रतिवेदन वा मुद्दाको कुनै पक्षको निवेदनबाट देखिन आएमा सर्वोच्च आदालतले मिसिल झिकाई सो मुद्दाको किनारा गर्न वा त्यस्तो प्रश्नको मात्र निर्णय गरी अरूमा कानुन बमोजिम मुद्दा किनारा गर्न मिसिल सम्वन्धित अदालत, निकाय वा अधिकारीकहाँ फिर्ता पठाउन सक्नेछ ।

१६. **अन्तर्कालीन आदेश उपर निवेदन**[१] **.............. दिन सकिने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको

[१] पहिलो संशोधनद्वारा झिकिएको ।

पुर्पक्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा [⇐]थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारवाईको सिलसिलामा भएको अन्य कुनै अन्तर्कालीन आदेश उपर एक तह मात्र पुनरावेदन सुन्ने अदालतमा निवेदन [४]……… दिन सकिनेछ ।

[∈]तर पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पूर्पक्षको लागि तारेख जमानत वा थुनामा राख्ने गरी भएको आदेश उपर कानुनी त्रुटी वा कार्यविधि सम्वन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिनलाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१७. **अदालतको अधिकारक्षेत्रको प्रयोग** : (१) जिल्ला अदालतको अधिकार क्षेत्रको प्रयोग जिल्ला न्यायाधीशको इजलाशबाट हुनेछ ।

(२) पुनरावेदन अदालतको अधिकारक्षेत्रको प्रयोग तोकिएबमोजिम एक जना न्यायाधीशको इजलाश वा न्यायाधीशहरूको संयुक्त इजलाशबाट हुनेछ ।

(३) कानुनबमोजम संयुक्त इजलाशबाट हेरिने मुद्दाहरूमा फैसला वा अन्तिम आदेश गर्ने काम बाहेक अरू काम कारवाही एक जना न्यायाधीशको इजलाशबाट भउको रहेछ भने पनि सो काम कारवाही अधिकार बिहीन र बदर हुने छैन ।

१८. **अदालतको अवहेलना**: (१) जिल्ला अदालतले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) पुनरावेदन अदालतले आफ्नो र आफ्नो मातहतको जिल्ला अदालतको अवहेलनामा कारवाई चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहराएमा अभियुक्तलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाय

---

⇐ दोस्रो संशोधनद्वारा संशोधित ।
४ पहिलो संशोधनद्वारा झिकिएको
∈ दोस्रो संशोधनद्वारा थप ।

तोकिसकेको भए सो सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा ६ महिनासम्म मुल्तबी राखी सो शर्तको पालन भएमा सजाय कार्यान्वित नगर्ने आदेश दिन सक्नेछ ।

१९. **अदालतको निर्णय अन्तिम हुने** : (१) यो ऐन वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मुद्दामा कुनै अदालत, निकाय वा अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णय मुद्दाका पक्षहरूलाई मान्न कर लाग्नेछ ।

(२) यो ऐन वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक पटक कुनै अदालत, निकाय वा अधिकारीले निर्णय गरिसकेको मुद्दा पुनः सोही अदालत, निकाय वा अधिकारीले हेर्न वा इन्साफमा फरक पर्ने गरी त्यसमा कुनै संशोधन गर्नु हुँदैन । तर लेखाईमा वा टाईपमा हुन गएको भूल छुट्टै पर्चा गरी सच्याउन सकिनेछ ।

२०. **निरीक्षण र मूल्यांकन गर्ने** : (१) पुनरावेदन सुन्ने अदालतले आफ्नो मातहतको अदालत र आफूले पुनरावेदन सुन्ने निकाय वा अधिकारीको कार्यालयको वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्नुपर्छ ।

(२) पुनरावेदन सुन्ने अदालतबाट निरीक्षण गर्न जाने न्यायाधीशले सम्वन्धित अदालत, निकाय वा अधिकारी समक्ष बिचाराधीन रहेको मुद्दाहरू र सो अदालत, निकाय वा अधिकारीबाट किनारा भएका मुद्दाहरूको निरीक्षण गर्नुपर्छ । सो बमोजिम निरीक्षण गर्दा मुद्दामा कानुन बमोजिम हुनुपर्ने काम नभएको वा नहुनु पर्ने काम भएको देखिएमा निरीक्षण गर्ने न्यायाधीशले तत्सम्वन्धमा आवश्यक आदेश दिन सक्नेछ ।

(३) निरीक्षण गर्ने न्यायाधीशले खास गरी देहायका मुद्दा सम्वन्धी मिसिलहरू अनिवार्य रूपमा निरीक्षण गर्नुपर्छ :

(क) पुर्पक्षको लागि थुनामा रहेका व्यक्तिको मुद्दा,

(ख) पुनरावेदन नपरी अन्तिम भएका मुद्दाहरू मध्ये केहीका मुद्दाहरू,

(ग) पक्षको रूपमा बालक, बृद्ध, महिला वा अपाङ्ग सम्मिलित रहेको मुद्दा, र

(घ) सार्वजनिक सरोकार वा महत्वको विषय समावेश भएको मुद्दा ।

(४) निरीक्षण गर्ने न्यायधीशले निरीक्षणको सिलसिलामा देहायका कुराहरूको जाँचबुझ गर्नुपर्छ :-

(क) फैसला कार्यान्वयन गर्ने काम कानुन बमोजिम उचित समयमा भएको छ वा छैन,

(ख) माथिका अदालतहरूबाट भएका आदेश वा निर्देशनहरूको पालन भएको छ वा छैन, र

(ग) दायर रहेको मुद्दामा काम कारवाई सन्तोषजनक ढङ्गबाट भएको छ वा छैन ।

(५) निरीक्षण गर्ने न्यायाधीशले आफूले निरीक्षण गर्न लागेको अदालत वा कार्यालयको कर्मचारी, सो अदालत वा कार्यालयमा उपस्थित मुद्दाहरूका पक्षहरू, कानुन व्यवसायी तथा उपयुक्त देखिएका अन्य व्यक्तिहरूसँग सम्वन्धित अदालत, निकाय वा अधिकारीको काम कारवाईको सम्वन्धमा उनीहरूको सुझाव वा प्रतिक्रिया बुझ्न सक्नेछ ।

*(६) निरीक्षणको काम सकिएपछि निरीक्षण गर्ने न्यायाधीशले अदालतको निरीक्षण गरेमा आफ्नो अदालत, सर्वोच्च अदालत र न्याय परिषद् सचिवालयमा र अन्य कार्यालयको निरीक्षण गरेकोमा आफ्नो अदालत, सवोच्च अदालत र सम्वन्धित मन्त्रालयमा आधार र कारण सहितको निरीक्षण तथा मूल्यांकन प्रतिवेदन पठाउनु पर्नेछ । यसरी प्रतिवेदन प्राप्त भएपछि सम्वन्धित निकायले सो सम्वन्धमा यथाशीघ्र छानविन गरी प्रतिवेदनमा औंल्याईएका विषयमा कारबाही गर्नु पर्नेछ ।

२१. **आकस्मिक निरीक्षण** : (१) सर्वोच्च अदालतले कुनै जिल्ला अदालत वा पुनरावेदन अदालतको र पुनरावेदन अदालतले आफ्नो मातहतको कुनै जिल्ला अदालतको काम कारवाईको आकस्मिक निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालत निरीक्षण गर्ने सर्वोच्च अदालत वा पुनरावेदन अदालतको न्यायाधीशले आफ्नो निरीक्षणबाट देखिन आएको वास्तविक तथ्य स्पष्ट खुलाई आफ्नो राय सहितको प्रतिवेदन सर्वोच्च अदालत तथा न्याय परिषद्मा दिनुपर्छ ।

* अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधित ।

(३) सर्वोच्च अदालतले कुनै निकाय वा अधिकारीबाट मुद्दा मामिलामा भएको काम कारवाईको आकस्मिक निरीक्षण सर्वोच्च अदालत वा पुनरावेदन अदालतको कुनै न्यायाधीशद्वारा गराउन सक्नेछ । सो बमोजिम निरीक्षण गर्न जाने न्यायाधीशले आफ्नो निरीक्षणबाट देखिन आएको वास्तविक तथ्य स्पष्ट खुलाई आफ्नो राय सहितको प्रतिवेदन सर्वोच्च अदालत र सम्वन्धित मन्त्रालयमा पठाउनु पर्छ ।

२२. **अनुशासन सम्वन्धी कारवाई चलाउन जानकारी दिने** : यस ऐन बमोजिम गरिएको निरीक्षणको प्रतिवेदनबाट कुनै न्यायाधीश वा अधिकारी उपर कुनै कारवाई वा मुद्दा चलाउनु पर्ने देखिएमा सर्वोच्च अदालतले न्याय परिषद् वा सम्वन्धित मन्त्रालयलाई सो कुराको जानकारी दिनुपर्छ ।

२३. **बन्दीप्रत्यक्षीकरणको निवेदन सुनुवाई गर्ने विशेष व्यवस्था** : (१) सात दिन वा सो भन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा प्रत्येक [५]जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतको एक एक जना न्यायाधीशलाई सो विदाको अवधिभित्र सो अदालतको अधिकारक्षेत्रमा पर्ने बन्दीप्रत्यक्षीकरणको निवदेनपत्र लिई त्यस्को सुनुवाई गर्नको लागि तोकिनेछ ।

[५]तर,

(१) सर्वोच्च अदालत रहेको ठाउँमा पुनरावेदन अदालत र जिल्ला अदालतको न्यायाधीशलाई र पुनरावेदन अदालत रहेको ठाउँमा जिल्ला अदालतको न्यायाधीशलाई यस उपदफा बमोजिम निवेदनपत्र सुनुवाई गर्ने प्रयोजनको लागि तोकिने छैन ।

(२) एउटा मात्र न्यायाधीश भएको जिल्ला अदालतको हकमा सर्वोच्च अदालतले व्यवस्था गरे बमोजिम हुनेछ ।”

(२) यो ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम तोकिएको न्यायाधीशले विदाको अवधिभित्र आफू समक्ष परेको निवेदनपत्रको सम्वन्धमा आफ्नो अदालतको अधिकारक्षेत्र प्रयोग गरी उपयुक्त आदेश जारी

---

५ न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित ।
५ न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित ।

गर्न सक्नेछ र सम्वन्धित पदाधिकारीले अदालतले जारी गरेको आदेश बमोजिम बिदाको अवधिभित्र पनि कारवाई गर्नुपर्छ ।

(३) यो दफा बमोजिम निवेदनपत्र दिने र त्यस्को सुनुवाई गर्ने स्थान उपदफा (१) बमोजिम तोकिएको न्यायाधीशद्वारा निर्धारित गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विविध

२४. **न्यायाधीश आफैंले गर्नुपर्ने काम** : (१) फैसला वा आदेश गर्ने तथा बयान बकपत्र गराउने काम न्यायाधीश आफैंले गर्नुपर्छ ।

तर,

(क) न्यायाधीशले लेखी वा बोली अदालतको कुनै कर्मचारीबाट फैसला वा आदेश टाईप वा लेखबद्ध गराउन हुन्छ

(ख) बयान बकपत्र गराउँदा न्यायाधीश आफैंले प्रश्न गरी अदालतको कुनै कर्मचारीबाट बयान बकपत्र लेखबद्ध गराउन हुन्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधीशको अनुपस्थितिमा श्रेस्तेदारले बयान बकपत्र गराउन र पुर्पक्षको लागि अभियुक्तलाई थुना, जमानत वा तारिखमा राख्ने आदेश दिन हुन्छ ।

(३) उपदफा (२) बमोजिम श्रेस्तेदारले गरेको थुनछेकको आदेश उपर न्यायाधीले आफू अदालतमा उपस्थित भएपछि यथाशिघ्र पुनर्विचार गरी त्यस्तो आदेश कानुन बमोजिम भएको नदेखिएमा कानुन बमोजिम गर्नु गराउनु पर्छ ।

२५. **भई रहेको जिल्ला अदालतहरू यसै ऐन अन्तर्गत स्थापना भएको मानिने** : यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको जिल्ला अदालतहरू यसै ऐन अन्तर्गत स्थापना भएको मानिनेछन् ।

२६. **मुद्दाहरू सर्ने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत अञ्चल तथा क्षेत्रीय अदालतहरूमा दायर भई छिन्न बाँकी रहेका मुद्दाहरू र तत्सम्वन्धी निवेदन र प्रतिवेदनहरू यो ऐन प्रारम्भ भएपछि सम्वन्धित पुनरावेदन अदालतमा सर्नेछन् ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन अदालतमा सरी आएका मुद्दाहरू र तत्सम्वन्धी निवदेन र प्रतिवेदनहरू अदालतले यो ऐन प्रारम्भ हुँदा लागू रहेको कानुनको अधीनमा रही निर्णय गर्नेछ ।

२७. **<u>पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने</u>** : (१) यो ऐन प्रारम्भ हुनु अघि जिल्ला अदालत वा अञ्चल अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन लाग्ने रहेछ भने यो ऐन प्रारम्भ भएपछि तत्काल प्रचलित कानुन बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको फैसला वा अन्तिम आदेश उपर अञ्चल अदालत वा क्षेत्रीय अदालतमा पुनरावेदन लाग्न सक्ने रहेछ भने यो ऐन प्रारम्भ भएपछि तत्काल प्रचलित कानुन बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि अञ्चल अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावेदनको अनुमतिका लागि क्षेत्रीय अदालतमा निवेदन लाग्न सक्ने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो अनुमतिको लागि तत्काल प्रचलित कानुन बमोजिम पुनरावेदन अदालतमा निवेदन लाग्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावेदन अदालतमा दर्ता भएको पुनरावेदनको अनुमति सम्वन्धी निवेदनहरू पुनरावेदन अदालतले यो ऐन प्रारम्भ हुँदा लागू रहेका कानुनको अधीनमा रही निर्णय गर्नेछ ।

२८. **<u>क्षेत्रीय अदालतका निर्णयहरू उपरको निवदेन वा पुनरावेदन सम्वन्धी व्यवस्था</u>** : (१) यो ऐन प्रारम्भ हुनु अघि क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर तत्काल प्रचलित कानुन बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने रहेछ भने यो ऐन प्रारम्भ भएपछि सो कानुनको अधीनमा रही त्यस्तो फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावेदनको अनुमतिको लागि सर्वोच्च अदालतमा निवेदन लाग्न सक्ने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो अनुमतिको लागि तत्काल प्रचलित कानुन बमोजिम सर्वोच्च अदालतमा निवदेन लाग्न सक्नेछ ।

२९. **अदालतले मागेको मिसिल वा मुद्दा सम्वन्धी लिखत वा जवाफ पठाउनु पर्ने** : अदालतले मुद्दामा प्रमाणको निमित्त आवश्यक कुनै मिसिल, लिखत वा अन्य कुनै कुरा पेश गर्न वा पठाउन कुनै कार्यालयलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ मागेमा सो कार्यालयले मनासिब समय भित्र सो आदेशको पालन गर्नु पर्छ । सो बमोजम कुनै कार्यालयले त्यस्तो आदेशको पालना नगरेकोले मुद्दाको कारवाई वा किनारा गर्न बाधा परेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा प्रतिकूल असर परेमा अदालतले सम्वन्धित कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकै पिच्छे पाँचसय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

तर त्यसरी जरिवानाको आदेश भएपछि सम्वन्धित कार्यालय प्रमुख वा कर्मचारीले अदालतको आदेश पालन गर्न नसकेको कारण उल्लेख गरी सो जरिवाना हुनु नपर्ने भनी निवेदन दिएमा कारण सन्तोषजनक देखिए अदालतले उक्त जरिवानाको आदेश रद्द गर्न वा लागेको जरिवाना घटाउन सक्नेछ ।

३०. **निर्देशन दिन सक्ने** : न्याय प्रशासनको सुप्रवन्ध एवं सुव्यवस्थापनको लागि मातहतका अदालत, निकाय वा अधिकारीलाई कुनै कुराको निर्देशन दिन आवश्यक छ भन्ने लागेमा सर्वोच्च अदालतले प्रचलित कानुनसँग नबाझिने गरी निर्देशन दिन सक्नेछ र मातहतका अदालत, निकाय वा अधिकारीले त्यस्तो निर्देशनको पालना गर्नुपर्छ ।

३१. **नियम बनाउने अधिकार**: (१) यो ऐनको उद्देश्य पूर्तिका लागि सर्वोच्च अदालतले नियमहरू बनाउन सक्नेछ । ती नियमहरू नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछन् ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरेर देहायका विषयहरूमा नियमहरू बनाउन सकिनेछ :

(क) सर्वोच्च अदालत बाहेक अन्य अदालतमा उजूरी, पुनरावेदन वा निवेदन दायर गर्ने कार्यविधि, तत्सम्वन्धी दस्तुर तथा मुद्दाको कार्यविधि सम्वन्धी अन्य विवरण ।

(ख) अदालतका न्यायाधीशहरूको काम कारवाही सम्वन्धी अभिलेख तथा तथ्यांक संकलन गर्ने तरीका ।

(ग) मुद्दा सार्न सक्ने अवस्था र परिस्थिति ।

(घ) पुनरावेदन अदालतको अधिकारक्षेत्रको प्रयोग एक वा एक भन्दा बढी न्यायाधीशहरूको संयुक्त इजलासबाट गर्ने बारेको व्यवस्था ।

(ङ) अदालतको काम कारावाई सम्वन्धी अन्य विषयहरू ।

३२. **बाधा अड्काउ फुकाउने अधिकार** : यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सर्वोच्च अदालतले न्याय परिषद्सँग परामर्श गरी सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

३३. **खारेजी र संशोधन** : (१) न्याय प्रशासन सुधार ऐन, २०३१ खारेज गरिएको छ ।

(२) अनुसूचीमा लेखिएका ऐनहरू सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएकाछन् ।

(३) प्रचलित कानुनमा प्रयोग भइरहेका "क्षेत्रीय अदालत" वा "अञ्चल अदालत" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरू राखी संशोधन गरिएकोछ ।

(४) प्रचलित कानुनमा प्रयोग भई रहेका "अञ्चल न्यायाधीश" वा "क्षेत्रीय न्यायाधीश" भन्ने शब्दहरूको सट्ट "पुनरावेदन अदालतको न्यायाधीश" भन्ने शब्दहरू राखी संशोधन गरिएकोछ ।

# अनुसूची

(दफा ३३ संग सम्वन्धित)

| क्र.सं. | ऐनको संक्षिप्त नाम | संशोधन |
|---|---|---|
| १. | नागरिक अधिकार ऐन, २०१२ | १. दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः<br>"(१) गिरफ्तार भउका वा थुनिएका व्यक्ति आफैंले वा अरू कसै मार्फत बन्दीप्रत्यक्षीकरणको आदेशको निमित्त पुनरावेदन अदालतमा उजूरी दिन सक्नेछ।"<br>२. दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :<br>"(१) यस ऐनद्वारा प्रदत्त कुनै अधिकारमा कसैले आघात गर्ने शंका लागेमा पुनरावेदन अदालतमा उजूरी दिन सक्नेछ।" |
| २. | ✂ ... ... ... | |
| ३. | **उखडा सम्वन्धी ऐन, २०२१** | दफा ८ को उपदफा (३) मा रहेको प्रतिवन्धात्मक वाक्याँश झिकिएको छ। |
| ४. | **नेपाली भाषा प्रकाश संस्थान ऐन, २०२१** | दफा ३१ मा रहेका "स्थानीय अञ्चल अदालतलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतलाई" भन्ने शब्दहरू राखिएका छन्। |

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

| | | |
|---|---|---|
| ५. | **बोनस ऐन, २०३०** | दफा २१ को उपदफा (१) मा रहेका "अञ्चल अदालतमा" भन्ने शब्दहरूको सट्टा जिल्ला अदालतमा भन्ने शब्दहरू राखिएका छन् । |
| ६. | ✂... ... ... | |
| ७. | **प्रकृति संरक्षण कोष ऐन २०३९** | दफा १४ मा रहेका "अञ्चल अदालतलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतलाई" भन्ने शब्दहरू राखिएका छन् । |
| ८. | ✂... ... ... | |
| ९. | **राज्य बिरुद्धको अपराध र सजाय ऐन २०४६** | दफा ७ मा रहेका "अञ्चल अदालतलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतलाई" भन्ने शब्दहरू र दफा ८ मा रहेका "अञ्चल अदालतमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतमा" भन्ने शब्दहरू राखिएका छल दन् । |
| १० | ⌘**नेपाल विद्युत प्राधिकरण ऐन, २०४१** | दफा ३९ मा रहेका "अञ्चल अदालतलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतलाई" भन्ने शब्दहरू रारिखएका छन् । |

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।



नेपाल कानुन आयोग